# Nepali: Unlocked Literal Bible for फिलिप्पी

Formatted for Translators



generated on Tue Jun 17 07:42:40 2025

©2022 Wycliffe Associates
Released under a Creative Commons Attribution-ShareAlike 4.0 International License.

Bible Text: The English Unlocked Literal Bible (ULB)
©2017 Wycliffe Associates
Available at https://bibleineverylanguage.org/translations
The English Unlocked Literal Bible is based on the unfoldingWord® Literal Text, CC BY-SA 4.0. The original work of the unfoldingWord® Literal Text is available at https://unfoldingword.bible/ult/.
The ULB is licensed under the Creative Commons Attribution-ShareAlike 4.0 International License.

Notes: English ULB Translation Notes
©2017 Wycliffe Associates
Available at https://bibleineverylanguage.org/translations
The English ULB Translation Notes is based on the unfoldingWord translationNotes, under CC BY-SA 4.0. The original unfoldingWord work is available at https://unfoldingword.bible/utn.
The ULB Notes is licensed under the Creative Commons Attribution-ShareAlike 4.0 International License.

To view a copy of the CC BY-SA 4.0 license visit http://creativecommons.org/licenses/by-sa/4.0/

Below is a human-readable summary of (and not a substitute for) the license.
You are free to:
Share — copy and redistribute the material in any medium or format. Adapt — remix, transform, and build upon the material for any purpose, even commercially.
The licensor cannot revoke these freedoms as long as you follow the license terms.
Under the following conditions:
Attribution — You must attribute the work as follows: "Original work available at https://BibleInEveryLanguage.org." Attribution statements in derivative works should not in any way suggest that we endorse you or your use of this work. ShareAlike — If you remix, transform, or build upon the material, you must distribute your contributions under the same license as the original. No additional restrictions — You may not apply legal terms or technological measures that legally restrict others from doing anything the license permits.

Notices:
You do not have to comply with the license for elements of the material in the public domain or where your use is permitted by an applicable exception or limitation.
No warranties are given. The license may not give you all of the permissions necessary for your intended use. For example, other rights such as publicity, privacy, or moral rights may limit how you use the material.

## फिलिप्पी

### 1

[1]ख्रीष्ट येशूका सेवकहरू पावल र तिमोथीबाट, फिलिप्पीमा भएका ख्रीष्ट येशूमा,परमेश्‍वरका पवित्र जनहरू सबै, अनि बिशप र डिकनहरूलाई । [2]परमेश्‍वर हाम्रा पिता र
प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति ।[3]हर समय तिमीहरूको सम्झना गर्दा, [4]तिमीहरू सबैका निम्ति मेरो हरेक प्रार्थनामा, आनन्दसाथ प्रार्थना गर्दै, [5]पहिलो
दिनदेखि अहिलेसम्म सुसमाचारमा तिमीहरूको सहभागिताको लागि म मेरा परमेश्‍वरलाई धन्यवाद दिन्छु । [6]म यो कुरामा निश्‍चित छु, कि तिमीहरूमा यो असल कामलाई
सुरु गर्नुहुनेले येशू ख्रीष्टको दिनसम्म यसलाई पूरा गर्न निरन्तरता दिनुहुनेछ ।[7]तिमीहरू सबैका निम्ति मैले यस्तो प्रकारले विचार गर्नु मेरो निम्ति उचित छ, किनभने मैले
तिमीहरू सबैलाई मेरो हृदयमा राखेको छु । मेरो कैदमा र सुसमाचारको समर्थन एवम् निश्‍चयता दुवैमा तिमीहरू सबै अनुग्रहमा मेरा साझेदारहरू भएका छौ । [8]किनकि
ख्रीष्ट येशूको प्रेमको गहिराइमा म तिमीहरू सबैका निम्ति कति तृष्णा गर्छु भन्‍ने कुरामा परमेश्‍वर मेरो साक्षी हुनुहुन्छ ।[9]मेरो प्रार्थना यही छ, कि ज्ञान र सम्पूर्ण समझमा
तिमीहरूको प्रेम झन्‌झन् प्रशस्त हुँदै जाओस् । [10]ताकि जे असल छ ती कुराहरू तिमीहरूले स्वीकार गर्न सक ,र तिमीहरू ख्रीष्टको दिनमा इमान्दार र दोषरहित भई
[11]परमेश्‍वरको महिमा र प्रशंसाको निम्ति, येशू ख्रीष्टद्वारा आउने धार्मिकताको फलद्वारा तिमीहरू भरिन सक ।[12]भाइ हो, अब तिमीहरूलाई यो थाहा होस् भन्‍ने म चाहन्छु,
कि ममथि घटेका यी सबै कुराहरूले सुसमाचारलाई साँच्चै अगाडि बढाउने काम भएको छ । [13]फलस्वरूप, ख्रीष्टमा मेरा साङ्‍लाहरूका विषयमा महलभरिका सारा
रक्षकदेखि अरू सबै मानिसलाई थाहा भएको छ । [14]धेरै भाइहरू मेरा साङ्‍लाहरूका कारण परमप्रभुमा अझ बढी विश्‍वस्त भएका छन् र निडर भएर वचन बोल्‍न आँटिला
भएका छन् ।[15]कसै-कसैले त ईर्ष्या र बेमेलमा, र अरूहरूले सद्‌भावमा पनि ख्रीष्टको प्रचार गरेका छन् । [16]कोही-कोही ख्रीष्टको प्रचार गर्नेहरूले सुसमाचारको समर्थन
गरेको कारण मलाई यहाँ राखिएको छ भन्‍ने कुरा जानेर यो काम प्रेमले गर्छन् । [17]तर अरूहरूले ख्रीष्टको प्रचार स्वार्थ र निष्ठाहीन उद्देश्यले गर्छन् । मेरा यी साङ्‍लाहरूका
अवस्थामा तिनीहरूले मलाई अझै कष्ट दिनेछन् भनी तिनीहरू विचार गर्छन् ।[18]त्यसो भए के त ? चाहे बहानामा होस् वा सत्यतामा हरेक तरिकाले ख्रीष्टको प्रचार हुन्छ, र
म यसैमा रमाउँछु । हो, म रमाउनेछु । [19]किनकि मलाई थाहा छ, कि तिमीहरूको प्रार्थना र येशू ख्रीष्टको आत्माको सहायताद्वारा परिणामस्वरूप यसले मेरो निम्ति छुटकारा
ल्याउनेछ ।[20]मेरो उत्कट अपेक्षा र आशा यो हो कि, म शर्ममा पर्नेछैनँ, बरु सारा साहससँगै सधैँ जस्तै र अहिले पनि, चाहे मेरो जीवनद्वारा वा मृत्युद्वारा, ख्रीष्ट मेरो शरीरमा
उचालिनुहुनेछ । [21]किनकि मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो ।[22]तर यदि म शरीरमा नै जिउनु हो भने त्यो मेरो लागि फलदायी परिश्रम हुनेछ तर, कुन कुरालाई चुन्‍ने
भन्‍ने कुरा मलाई थाहा छैन । [23]किनकि यी दुवै कुराहरूका बीचमा म कडा दबाबमा परेको छु । म बिदा भएर ख्रीष्टसँग हुने इच्छा गर्छु, जुनचाहिं अति असल कुरा हो, [24]तर
तिमीहरूका निम्ति शरीरमा रहनुचाहिं धेरै आवश्यक छ ।[25]यस कुरामा म निश्‍चित भएको कारणले म जान्दछु, कि विश्‍वासमा तिमीहरूको प्रगति र आनन्दको निम्ति म
तिमीहरू सबै सँग-सँगै रहेर निरन्तरता दिनेछु, [26]ताकि जब म तिमीहरूकहाँ फेरि आउँछु, ममा तिमीहरूले प्रभु येशूमा गर्व गर्ने कारणहरू प्रशस्त होऊन् । [27]ख्रीष्टको
सुसमाचारको निम्ति योग्य हुने किसिमले मात्र आफ्नो जीवनयापन गर, ताकि चाहे म तिमीहरूलाई भेट्‌न आऊँ वा म उपस्थित नहोऊँ, म तिमीहरूका बारेमा यो सुन्‍न पाऊँ,
कि तिमीहरू एउटै आत्मामा दृढ भएर खडा भएका छौ र सुसमाचारको विश्‍वासको निम्ति तिमीहरू मिलेर एउटै मनको भएर कडा परिश्रम गरिरहेका छौ ।[28]तिमीहरूका
शत्रुहरूले गरेका कुनै कुराहरूबाट भयभीत नहोओ । यो तिनीहरूका निम्ति तिनीहरूको विनाशको तर तिमीहरूको निम्ति मुक्तिको चिन्ह हो, र यो परमेश्‍वरबाट आएको हो
। [29]किनकि ख्रीष्टको निम्ति यो तिमीहरूलाई सित्तैंमा दिइएको छ, उहाँमाथि विश्‍वास गर्न मात्र होइन, तर उहाँको निम्ति कष्ट भोग्‍न पनि । [30]किनकि जे तिमीहरूले ममा
देख्यौ र अहिले मसँग छ भनी सुन्छौ, त्यही सङ्‍घर्ष तिमीहरूसँग छ ।

### 2

[1]यदि ख्रीष्टमा केही उत्साह छ भने , यदि उहाँको प्रेमबाट केही सान्त्वना मिल्छ भने, यदि त्यहाँ पवित्र आत्माको केही सङ्गती छ भने, यदि त्यहाँ केही स्नेही करुणा र
सहानुभूति छ भने । [2]तिमीहरू एउटै मनका भएर, एउटै प्रेम धारण गरेर, आत्मामा एक भएर, र एउटै उद्देश्य राखेर मेरो आनन्दलाई पूरा गर ।[3]स्वार्थ र रित्तो अहङ्‍कारमा
केही नगर । बरु नम्रतामा आफूलाईभन्दा अरूहरूलाई उच्च ठान । [4]तिमीहरू प्रत्येकले आफ्ना आवश्यकताहरूमा मात्र ध्यान नदेओ, तर अरूहरूका आवश्यकताहरूमा
पनि ध्यान देओ ।[5]तिमीहरुमा त्यही मन होस्, जुन ख्रीष्ट येशूमा पनि थियो । [6]उहाँ परमेश्‍वरको स्वरूपमा हुनुहुन्थ्यो, तर पनि परमेश्‍वरसँगको आफ्नो बराबरीलाई उहाँले
पक्रिराख्‍ने वस्तुझैं ठान्‍नुभएन । [7]बरु, उहाँले कमाराको रूप धारण गरेर आफैंलाई रित्त्याउनुभयो र उहाँ मानिसको स्वरूपमा जन्मनु भयो । [8]उहाँले आफूलाई नम्र
तुल्याउनुभयो, र मृत्यु अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी हुनुभयो![9]यसकारण परमेश्‍वरले पनि उहाँलाई अति उच्च पार्नुभयो । परमेश्‍वरले उहाँलाई सबै नाउँभन्दा उच्च नाउँ
दिनुभयो । [10]उहाँले यसो गर्नुभयो, ताकि येशूको नाममा हरेक घुँडा टेक्‍नुपर्छः स्वर्ग, पृथ्वी र पृथ्वीमुनि भएका सबैका घुँडाहरू । [11]उहाँले यो गर्नुभयो, ताकि परमेश्‍वर पिताको
महिमाका लागि हरेक जिब्रोले येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नुपर्छ ।[12]यसकारण, मेरा प्रियहरू हो, जसरी तिमीहरूले सधैं आज्ञापालन गर्ने गरेका छौ, अब मेरो
उपस्थितिमा मात्र होइन तर मेरो अनुपस्थितिमा झन् बढी डर र कम्पसाथ आफ्ना मुक्तिको काम पूरा गर । [13]किनकि परमेश्‍वरको प्रसन्‍नताको निम्ति तिमीहरूलाई दुवै इच्छा
गर्न र काम गर्न लगाउनलाई तिमीहरूमा काम गरिरहनुहुने उहाँ नै हुनुहुन्छ ।[14]गनगन नगरी वा बहसविना सबै कामहरू गर, [15]ताकि तिमीहरू कुनै कलङ्‍कविना परमेश्‍वरका
निर्दोष र शुद्ध छोराछोरी हुन सक । यस्तो प्रकारले व्यवहार गर, कि तिमीहरू धूर्त र बरालिएका पुस्ताकाबीच यस संसारमा ज्योतिझैं चम्कन्छौं । [16]जीवनको वचनलाई
बलियो गरी पक्र ताकि ख्रीष्टको दिनमा म गर्वसँग भन्न सकूँ कि म व्यर्थमा दौडिनँ र मेरो परिश्रम व्यर्थको भएन ।[17]तर तिमीहरूको विश्‍वासको त्याग र सेवामा म बलिदानको
रूपमा अर्पित हुनुपरे तापनि, म खुशी हुन्छु, र म तिमीहरू सबैसँग आनन्द मनाउँछु । [18]त्यसै गरी, तिमीहरू पनि खुशी होओ, र मसँगै आनन्दित होओ ।[19]तर तिमोथीलाई
तिमीहरूकहाँ छिट्टै पठाउनको निम्ति म प्रभु येशूमा आशा राख्छु, ताकि तिमीहरूका विषयमा जान्दा म प्रोत्साहित हुन सकूँ । [20]किनकि तिनीजस्तै तिमीहरूका निम्ति साँचो
रूपमा चिन्तित हुने मसँग अरू कोही पनि छैन । [21]किनकि तिनीहरू सबैले येशू ख्रीष्टका कुराहरूभन्दा आफ्नै इच्छाको खोजी गर्छन् ।[22]तर तिमीहरूलाई तिनको योग्यता
थाहै छ, किनभने जसरी छोराले आफ्ना पिताको सेवा गर्छ, त्यसरी नै सुसमाचारमा तिनले मसँगै सेवा गरे । [23]यसकारण, मेरो निम्ति के हुनेछ भनेर मैले थाहा पाउनासाथ
जति सक्दो चाँडो म तिनलाई तिमीहरूकहाँ पठाउने आशा गर्छु । [24]तर म आफैं पनि छिट्टै आउनेछु भन्‍ने कुरामा प्रभुमा निर्धक्क छु ।[25]तर इपाफ्रोडिटसलाई तिमीहरूकहाँ
फिर्ता पठाउन म आवश्यक ठान्छु । तिनी मेरा भाइ र सहकर्मी र सङ्गी सिपाही, र तिमीहरूका सन्देशवाहक तथा मेरा आवश्यकताहरूका निम्ति सेवक हुन् । [26]किनकि तिनी
बिरामी भएको कुरा तिमीहरूले थाहा पाएकाले तिनी धेरै व्याकुल भएका थिए, र तिमीहरू सबैसँग हुनको निम्ति तिनले तृष्णा गरेका थिए । [27]किनकि तिनी साँच्चै यति
बिरामी थिए, कि तिनी मरणासन्‍न अवस्थामा पुगेका थिए । तर परमेश्‍वरले तिनीमाथि कृपा गर्नुभयो, र तिनमा मात्र नभएर शोकमाथि शोक नथपिओस् भनेर ममाथि पनि
दया देखाउनुभयो ।[28]यसकारण, अझै धेरै उत्सुकतासाथ म तिनलाई तिमीहरूकहाँ पठाउँदैछु, ताकि जब तिमीहरूले तिनलाई फेरि देख्छौ, तिमीहरू आनन्दित हुन सक र
मलाई कम शोक होस्। [29]सारा आनन्दसाथ प्रभुमा इपाफ्रोडिटसलाई स्वागत गर । तिनीजस्ता मानिसलाई आदर गर । [30]किनकि ख्रीष्टको कार्यको निम्ति तिनी मृत्युको
नजिक पुगे । मलाई सेवा पुर्‍याउन र तिमीहरूले मेरो सेवामा गर्न नसकेका कामलाई पूरा गर्न तिनले आफ्नो जीवन जोखिममा पारे ।


generated on Tue Jun 17 07:42:40 2025

3
1अन्त्यमा मेरा भाइहरू हो, प्रभुमा आनन्द गर । तिमीहरूलाई बारम्बार एउटै कुरा लेखिरहनु मेरो निम्ति झर्कोलाग्दो कुरो होइन र यो कुराले तिमीहरूलाई सुरक्षित राख्छ ।
2कुकुरहरूदेखि होसियार रहो । खराब काम गर्नेहरूदेखि होसियार रहो । विकृति गर्नेहरूदेखि होसियार रहो । 3किनकि खतना हामीहरू नै हौं—हामीहरू नै परमेश्‍वरका
आत्माद्वारा आराधना गर्छौं, हामीहरू नै ख्रीष्ट येशूमा गर्व गर्छौं, र शरीरमा कुनै भरोसा राख्दैनौं ।4यद्यपि, म आफैंले शरीरमा भरोसा राख्न सक्थे । यदि कसैले आफ्नो
शरीरमा भरोसा राख्ने विचार गर्छ भने, त्योभन्दा बढी म गर्न सक्छु । 5मेरो आठौं दिनमा खतना गराइएको थियो, म इस्राएलका मानिसहरूमध्ये एक, बेन्यामीन कुलमा
जन्मेको, हिब्रूहरूका हिब्रू हुँ; व्यवस्थाको विषयमा चाहिं, एक फरिसी ।6जोशको लागि मैले मण्डलीलाई सताएँ; व्यवस्थाको धार्मिकताको विषयमा चाहिं म दोषरहित थिएँ ।
7तर मेरो निम्ति लाभदायक भएका सबै कुराहरू, ख्रीष्टको खातिर मैले हानि नै सम्झेको छु ।8वास्तवमा, मेरा प्रभु ख्रीष्ट येशूको ज्ञानको श्रेष्ठताको कारण अब म सबै
कुराहरूलाई हानि नै सम्झन्छु । उहाँको निम्ति मैले सबै कुराहरूलाई त्यागेको छु । म ती कुराहरूलाई काम नलाग्ने ठान्छु ताकि मैले ख्रीष्टलाई हासिल गर्न सकूँ, 9र उहाँमा
स्थापित हुन सकूँ । व्यवस्थाबाट मैले आफैंले प्राप्त गरेको धार्मिकता मसँग छैन । बरु, ख्रीष्ट येशूमा विश्‍वासद्वारा प्राप्त गरेको धार्मिकता मसँग छ, जुन परमेश्‍वरबाटको
धार्मिकता विश्‍वासद्वारा मैले प्राप्त गरेको हुँ । 10यसैकारण, अब म उहाँ र उहाँको पुनरुत्थानको शक्तिलाई जान्‍न चाहन्छु र उहाँका कष्टहरूमा सहभागी हुन चाहन्छु । उहाँको
मृत्युको समरूपतामा म बद्‌लिन चाहन्छु, 11ताकि मैले मरेकाहरूबाटको पुनरुत्थानको कुनै किसिमले अनुभव गर्न सकूँ ।12मैले यी सबै कुराहरू प्राप्त गरिसकेको छु, वा म
पूर्ण भइसकेको छु भन्‍ने होइन, तर जे कुराको निम्ति म ख्रीष्टद्वारा चुनिएको थिएँ, ती मैले पक्रन सकूँ भनेर म जोड दिन्छु । 13भाइहरू हो, मैले यी सबै कुराहरू पक्रिसकेको
छु भनी म ठान्दिनँ । तर एउटा कुराचाहिं म गर्छु: म पछाडिका कुराहरूलाई बिर्सेर अगाडिका कुराहरूका निम्ति परिश्रम गर्दै, 14ख्रीष्ट येशूमा परमेश्‍वरको माथिल्लो
बोलावटको इनाम जित्ने लक्ष्यतर्फ अगाडि बढ्नमा जोड दिन्छु ।15यसकारण, हामी परिपक्व भएकाहरू सबैले यसरी विचार गरौं; र यदि तिमीहरूले कुनै कुरालाई भिन्‍न
प्रकारले विचार गर्छौ भने परमेश्‍वरले ती कुराहरूलाई पनि तिमीहरूका निम्ति प्रकट गर्नुहुनेछ । 16तथापि, हामीले जे प्राप्त गरिसकेका छौं, हामी त्यसमा अडिग रहौं।
17भाइहरू हो, मेरो अनुकरण गर्नेहरू होओ । हामीमा तिमीहरूले पाएका उदाहरणअनुसार हिंड्नेहरूलाई ध्यान दिएर हेर । 18ती धेरै व्यक्तिहरू जसको विषयमा मैले
तिमीहरूलाई बारम्बार बताएको छु, र अहिले आँसुका साथ म बताउँदैछु, कि तिनीहरू ख्रीष्टको क्रूसका शत्रुहरूझैं हिंडिरहेका छन् । 19तिनीहरूको अन्त्य विनाश हो ।
किनकि तिनीहरूको ईश्‍वर तिनीहरूको पेट हो, र तिनीहरूको महिमा तिनीहरूको शर्ममा छ । तिनीहरू सांसारिक कुराहरूका बारेमा विचार गर्छन् ।20तर हाम्रो नागरिकता
स्वर्गमा छ, जहाँबाट हामी मुक्तिदाता प्रभु येशू ख्रीष्टको पनि प्रतीक्षा गर्छौं । 21उहाँले हाम्रो क्षुद्र शरीरलाई उहाँको जस्तै महिमित शरीरमा परिवर्तन गर्नुहुनेछ, जुन शरीर सबै
कुराहरू उहाँको अधीनमा ल्याउनको निम्ति उहाँको शक्तिद्वारा बनाइएको छ ।

4 1यसकारण मेरा प्रिय भाइहरू हो, जसको म चाहना गर्छु, मेरो आनन्द र मुकुट, मेरा प्रिय साथीहरू, यस्तै गरी प्रभुमा स्थिर रहो । 2म इयोदियालाई र सुन्तुखेलाई प्रभुमा
एउटै मनको हुन निवेदन गर्दैछु । 3वास्तवमा, मेरो साँचो सहकर्मी, म तिमीलाई यो पनि बिन्ती गर्छु, कि यी महिलाहरूलाई सहायता गर जसले म, क्लेमेन्ट र मेरा बाँकी
सहकर्मीहरूसँग सुसमाचार प्रचार गर्न परिश्रम गरेका छन्, जसका नामहरू जीवनको पुस्तकमा छन् ।4प्रभुमा सधैं आनन्द गर । म फेरि पनि भन्छु, आनन्द गर ।
5तिमीहरूको सहनशीलता सबै मानिसहरूलाई थाहा होस् । प्रभु नजिकै हुनुहुन्छ । 6कुनै कुरामा चिन्तित नहोओ । बरु, हरेक कुरामा प्रार्थना र नम्र निवेदनद्वारा, र
धन्यवादसाथ तिमीहरूका निवेदन परमेश्‍वरमा जाहेर होऊन् । 7र सबै समझभन्दा उच्च परमेश्‍वरको शान्तिले ख्रीष्ट येशूमा तिमीहरूका हृदय र विचारहरूलाई रक्षा गर्नेछ ।
8अन्तमा भाइहरू हो, जे कुराहरू सत्य छन्, जे कुराहरू आदरणीय छन्, जे कुराहरू न्यायसङ्गत छन्, जे कुराहरू शुद्ध छन्, जे कुराहरू प्रेमयोग्य छन्, जे कुराहरू असल
नामका छन्, यदि केही श्रेष्ठता छ र प्रशंसा गरिनुपर्ने केही कुराहरू छन् भने, यी नै कुराहरूका बारेमा विचार गर । 9जुन कुराहरू तिमीहरूले मबाट सिक्यौ र प्राप्त गर्‍यौ र
मबाट सुन्यौ र ममा देख्यौ, ती कुराहरू गर, र शान्तिका परमेश्‍वर तिमीहरूसँग हुनुहुनेछ ।10म प्रभुमा अत्यन्तै आनन्दित छु किनकि अहिले अन्तमा तिमीहरूले म प्रतिको
आफ्नो वास्तालाई नयाँ गरेका छौ । तिमीहरूले वास्तवमा पहिला पनि मेरो निम्ति वास्ता गरेका थियौ, तर त्यस समय तिमीहरूसँग मलाई सहायता गर्ने अवसर थिएन । 11म
अहिले आवश्यकतामा परेकोले मैले यो भनिरहेको होइनँ । किनकि मैले सबै परिस्थितिहरूमा सन्तुष्ट हुन सिकेको छु । 12मलाई गरिबी के हो भन्‍ने कुरा थाहा छ, र मलाई
प्रशस्त हुनु भनेको के हो पनि थाहा छ । सबै किसिमले र सबै कुराहरूमा कसरी परिपूर्ण हुनु वा भोकप्यासमा रहनु, र कसरी प्रशस्तता प्राप्त गर्नु वा आवश्यकतामा हुनु भन्‍ने
गोप्य कुरा मैले सिकेको छु । 13जसले मलाई शक्ति दिनुहुन्छ, उहाँद्वारा नै म सबै कुराहरू गर्न सक्छु ।14तथापि, तिमीहरूले मेरा कठिन परिस्थितिहरूमा सहभागी भएर
असल गर्‍यौ । 15तिमी फिलिप्पीहरू यो जान्दछौ, कि सुसमाचारको सुरुआतमा जब म माकेडोनियाबाट निस्कें, तिमीहरूबाहेक कुनै मण्डलीले दिने र लिने विषयमा मलाई
सहायता गरेनन् । 16म थेसलोनिकेमा हुँदा पनि मेरा आवश्यकताहरूका निम्ति तिमीहरूले एक पटकभन्दा धरै सहायता पठायौ । 17मैले उपहार खोजेको भने होइनँ । बरु, म
तिमीहरूको हिसाबमा बढ्‌दै जाने फल खोज्छु ।18मैले सबै कुराहरू पूरा प्राप्त गरेको छु, र मसँग ती प्रशस्त छन् । म अहिले पूर्ण रूपमा भरिएको छु । तिमीहरूले
इपाफ्रोडिटससँग पठाएका सामानहरू मैले पाएँ । ती सुगन्धित वासना आउने, ग्रहणयोग्य र परमेश्‍वरलाई प्रसन्‍न पार्ने बलिदान हुन् । 19मेरा परमेश्‍वरले ख्रीष्ट येशूमा उहाँको
महिमाको प्रशस्तताअनुसार तिमीहरूका सबै आवश्यकताहरू पूरा गरिदिनुहुनेछ । 20अब हाम्रा परमेश्‍वर र पितालाई सदासर्वदा महिमा होस् । आमेन ।21ख्रीष्ट येशूमा भएका
सबै परमेश्‍वरका पवित्र जनहरूहरूलाई अभिवादन गर । मसँग भएका भाइहरूले तिमीहरूलाई अभिवादन पठाएका छन् । 22यहाँ भएका सबै परमेश्‍वरका पवित्र जनहरू, र
विशेष गरेर कैसरका घरानाकाहरूले तिमीहरूलाई अभिवादन पठाएका छन् । 23प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूको आत्मासँग रहोस् ।[1]

---

[1]केही प्राचीन र महत्वपूर्ण ग्रीक प्रतिलिपिहरूमा पाउँछौं आमेन , र केही प्राचीन ग्रीक प्रतिलिपिहरूमा त्यो शब्द हरेक नयाँ करारको पुस्तकमा अन्तिममा पाउँछौं। केही यस्ता महत्वपूर्ण र प्राचीन ग्रीक प्रतिलिपिहरू पनि छन् जसको अन्तिममा आमेन पाउँदैनौं।


generated on Tue Jun 17 07:42:40 2025